Sharada Research Journal
Multidisciplinary Peer Reviewed, Journal
ISSN : 3102-0658

# मुनामदन खण्डकाव्यमा पर्यावरण

रामप्रसाद खनाल
उपप्राध्यापक
शारदा विद्यापीठ, महेन्द्रनगर
Gmail: rpkhanal26@gmail.com

**लेखसार**

पर्यावरणीय समालोचना साहित्य र प्रकृतिको अध्ययन गर्ने समालोचना हो । सांस्कृतिक समालोचनाको एउटा पक्षका रूपमा पर्यावरणीय समालोचना बिसौँ शताब्दीमा विकसित पाश्चात्य मान्यता हो । पर्यावरणीय समालोचना पाश्चात्य सांस्कृतिक अध्ययन परम्परामा विकसित अमेरिकी सांस्कृतिक अध्ययन पद्धतिको विकासमा देखापरेको सिद्धान्त हो । अमेरिकी सांस्कृतिक अध्ययनका विभिन्न क्षेत्रमध्ये पर्यावरणीय समालोचना एक महत्त्वपूर्ण पाटो हो । यो वर्तमान समयमा मानिसका क्रियाकलापका कारण विनाश हुँदै गएको प्रकृति र त्यससँग सम्बन्धित पक्षको बचाउतर्फ अगाडि बढेको छ । यसले मानवका अविवेकी क्रियाकलापका कारण निम्तिँदै गएको पर्यावरणीय सङ्कटप्रति चासो र चिन्ता राखी प्रकृतिलाई कसरी बचाउन सकिन्छ भन्नेतर्फ ध्यान दिँदै साहित्यमा त्यसै किसिमको प्रयोग गर्दछ । खण्डकाव्यकार लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित मुनामदन खण्डकाव्यमा पर्यावरणका विविध पक्षको प्रयोग भएको छ । मुनामदनमा प्रकृति र मानवबिचको सम्बन्ध र आर्थिक गतिविधिसँग पर्यावरणको सम्बन्ध व्यक्त भएको छ । मुनामदन खण्डकाव्य पर्यावरणमैत्री रहेको छ । यसबाट देवकोटा पर्यावरणप्रति सचेत कवि हुन् र पर्यावरणीय चेतना पनि उनका काव्य सिर्जनाको एउटा मुख्य पक्ष हो भन्ने कुरा यस अध्ययनबाट स्पष्ट भएको छ ।

**शब्दकुञ्जी** अन्तरविषयक, उत्तरआधुनिक, पञ्चतत्त्व, पर्यावरण, पारिस्थितिक

## विषय परिचय

पर्यावरणीय समालोचना साहित्य र प्रकृतिको अध्ययन गर्ने समालोचना हो । सांस्कृतिक समालोचनाको एउटा पक्षका रूपमा पर्यावरणीय समालोचना बिसौँ शताब्दीमा विकसित पाश्चात्य मान्यता हो । पर्यावरणीय समालोचनाले मानव र मानवका कारण सिर्जित पर्यावरणीय सङ्कटको मात्र अध्ययन गर्दैन, यसले मान्छे र वनस्पति, प्राणीजगत् र तिनका वासस्थान एवम् विश्वको औद्योगिक विकासले प्रकृतिमा ल्याएका सङ्कटहरूको पनि अध्ययन गर्दछ । यसरी हेर्दा पर्यावरणीय चिन्तन आधुनिक चिन्तन हो र यसले वातावरणीय प्रदूषण, तापमान वृद्धि, बाढी, पहिरो, मौसम परिवर्तनजस्ता विषयको

अध्ययन गर्दछ । साहित्यमा प्रकृतिका विविध पक्षहरूको चित्रणका सन्दर्भमा यसले वायु, सूर्य, जल, पृथ्वी आदिको चित्रण प्राचीन कालदेखि नै कसरी हुँदै आएको छ भन्ने कुराको अध्ययन गर्दछ । यस दृष्टिले पर्यावरण आधुनिक विषयमात्र नभएर प्राचीन विषय पनि हो ।

मुनामदन (१९९२) लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) द्वारा रचना गरिएको खण्डकाव्य हो । आर्थिक अभावले गर्दा आमाको चौतारो बनाउने इच्छा पूरा गर्न नसकेको तथा पत्नीलाई सुनका चुरा बनाइदिन नसकेको कारण मदन ल्हासा जाने निर्णय गरेदेखि ऊ ल्हासा पुगी फर्किएर आएसम्मको कथावस्तु प्रस्तुत खण्डकाव्यमा रहेको छ । यस क्रममा नेपाल तथा ल्हासाको प्राकृतिक पर्यावरणसँग रहेको मानिसको सुमधुर सम्बन्ध प्रस्तुत कृतिमा रहेको छ त्यसैले प्रस्तुत खण्डकाव्य पर्यावरणीय दृष्टिले अध्ययनीय भएकाले त्यसैको विश्लेषणमा प्रस्तुत लेख केन्द्रित छ ।

## समस्या तथा उद्देश्य

प्रस्तुत अध्ययन मुनामदन खण्डकाव्यमा पर्यावरण भन्ने मूल प्राज्ञिक समस्यामा केन्द्रित रहेको छ । उक्त समस्या समाधान गर्न प्रस्तुत खण्डकाव्यमा प्रकृति र मानिसका बिचको सम्बन्धको प्रयोग केकसरी गरिएको छ भन्ने शोध्यप्रश्न निर्माण गरिएको छ । यही शोध्यप्रश्नको समाधान गर्नु नै प्रस्तुत लेखको उद्देश्य रहेको छ। यही उद्देश्य प्राप्तिका लागि कृति विश्लेषण गर्न पर्यावरणीय समालोचनाले अङ्गीकार गर्ने सैद्धान्तिक आधारलाई अवलम्बन गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनमा पुस्तकालयीय सामग्री सङ्कलन कार्यबाट सामग्री सङ्कलन गरी मुनामदन खण्डकाव्यलाई प्राथमिक सामग्री र पर्यावरणीय समालोचनासँग सम्बद्ध पूर्वकार्यलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ। प्रस्तुत खण्डकाव्यको विश्लेषणका लागि पर्यावरणीय समालोचनालाई सैद्धान्तिक पर्याधारका रूपमा लिएर पाठविश्लेषणको पद्धतिलाई प्रयोग गरी मुनामदन खण्डकाव्यमा प्रकृति र मानिसका बिचको सम्बन्धको प्रयोगलाई विश्लेषणको आधार बनाइएको छ । यिनै सैद्धान्तिक आधारको प्रयोग गरी शोध्यसमस्याको प्राज्ञिक निष्कर्ष निकालिएको छ ।

## सैद्धान्तिक पर्याधार

पर्यावरण भनेको सामान्य रूपमा परिवेश वा वातावरण हो । यसले हाम्रो वरिपरिको वन, जङ्गल, जीवजन्तु, वनस्पति, प्रकृति आदिलाई बुझाउँछ । पर्यावरणीय समालोचना पर्यावरणसँग सम्बन्धित अध्ययन पद्धति हो । पर्यावरण प्रकृतिसँग सम्बन्धित पक्ष हो । यसको प्रयोग पौरस्त्य तथा पाश्चात्य दुवै क्षेत्रमा गरिएको छ। पौरस्त्य क्षेत्रमा वैदिक कालदेखि नै पर्यावरणलाई साहित्यमा प्रयोग गरिँदै आइएको छ । प्रकृतिको चित्रणका क्रममा पर्यावरणीय विशेषणलाई लिने गरिन्थ्यो । काव्यमा जीवन र जगत्को प्रयोग गर्दा

यस किसिमको चित्रण गर्ने गरेको पाइन्छ । मानिस प्रकृतिकै एक पक्ष हो भन्ने भावबोधसँगै मानवसिर्जित रचनामा पर्यावरणको प्रयोग गरिँदै आइयो । मान्छेले प्रकृतिका समग्र वस्तुको उपस्थिति परस्परको कल्याणका निम्ति नै हुन् भन्ने कुरा आत्मसात् गरेको छ । यही तथ्यको बोधका अभिकथनहरू, मान्छेका संवेदनाहरू अभिलेख हुन थालेपछिको अवस्थामा प्रकृतिका विभिन्न पक्षहरूको उपस्थापन मन्त्रद्रष्टा ऋषि महर्षिहरूका सूक्तबाट प्रस्तुत हुँदै आएको देखिन्छ (सुवेदी, २०७३, पृ. १३४) । प्रस्तुत साक्ष्यका आधारमा पनि वैदिक युगदेखि नै पर्यावरणको प्रयोग गरेको देखिन्छ । यसै कथनलाई राजेन्द्र सुवेदीले यजुर्वेदको सूक्तबाट अझ प्रस्ट पारेका छन् : "स्वर्गलोकरूप शान्ति, अन्तरिक्षरूप शान्ति, भूलोकरूप शान्ति, जलरूप शान्ति, औषधिरूप शान्ति, वनस्पतिरूप शान्ति, सबै देवतारूपी शान्ति, ब्रह्मरूप शान्ति, सम्पूर्ण जगत्रूपी शान्ति, तथा संसारमा जुन शान्ति हुन्छ उही शान्ति मलाई भगवान्को कृपाले प्राप्त होओस्" (सुवेदी, २०७३, पृ. १३४) । प्रस्तुत साक्ष्यमा पनि प्रकृतिका यावत् पक्ष अर्थात् स्वर्ग, अन्तरिक्ष, पृथ्वी, जल, औषधि, वनस्पति आदि पक्षको चित्रण वैदिक कालमा नै गरेको बुझिन्छ । वैदिक कालदेखि वर्तमान समयसम्म साहित्यमा पर्यावरणको प्रयोग गरिँदै आइएको छ । प्रकृतिको चित्रण गर्ने क्रममा होस् वा प्रकृति र मानवका बिचको सम्बन्ध देखाउने क्रममा पर्यावरणको उपस्थिति अनिवार्य बनेको छ । त्यसैले काव्याचार्यहरूले साहित्यको एक अनिवार्य तत्त्वका रूपमा वातावरण अर्थात् पर्यावरणलाई राखेका छन् । पर्यावरणको प्रयोग प्रकृतिको विनाशका लागि नभई मानिसको हितका लागि गरिएको आवाज पछिल्लो समयमा उठ्न थालेपछि यसलाई साहित्यको एक तत्त्वका रूपमा मात्र नभई साहित्यकै सिङ्गो पक्ष नै हो भन्ने सन्दर्भबाट यसको अध्ययन अगाडि बढेको छ । यसरी साहित्यको सिङ्गो पक्ष मानिसकेपछि प्रकृति संरक्षणका लागि पनि पर्यावरणीय समालोचना पछिल्लो समयमा लोकप्रिय बनेको छ ।

उत्तरआधुनिक युगसँगै सुरु भएको सांस्कृतिक अध्ययनअन्तर्गत अमेरिकी सांस्कृतिक अध्ययनका क्रममा विकसित इकोक्रिटिसिज्म शब्दको प्रयोग पहिलो पटक लिटरेचर एन्ड इकोलोजी एन एक्सपेरिमेन्ट इन इको क्रिटिसिज्म (१९७६) शीर्षकको लेखमा विलियम रुकर्टले गरेको पाइन्छ (पोखेल, २०७२, पृ.२०) । प्रस्तुत लेख प्राणीजगत्सँग सम्बन्धित भएकाले साहित्यिक क्षेत्रमा भने उनकै इकोक्रिटिसिज्म (१९८९) पुस्तकसँगै पर्यावरणको अध्ययन सुरुवात भएको हो । "विलियम रुकर्टले गरेको इको क्रिटिसिज्म शब्दको प्रयोग साहित्यिक समालोचनाका क्षेत्रमा पहिलो पटक प्रकृतिपरक लेखनको अध्ययनलाई बुझाउनका लागि ग्लोटफेल्टीले गरेकी हुन् (सुवेदी, २०७३, पृ. १४१-१४२) ।

**पर्यावरणीय समालोचना**

पर्यावरण भन्नाले सामान्यतया वातावरण भन्ने बुझिए पनि सांस्कृतिक अध्ययनमा विशुद्ध वातावरण वा प्रकृतिको मात्र अध्ययन हुँदैन । पर्यावरणीय समालोचनामा पर्यावरणसँग मानिसको केकस्तो सम्बन्ध छ, मानिसले पर्यावरणलाई केकस्तो असर पुर्‍याएको छ भन्ने कुराको अध्ययन गर्दछ । यसले मानिस, वनस्पति, जीवजन्तु र प्रकृतिबिचको सम्बन्धलाई जैविक र अजैविक पारस्परिक चक्रका रूपमा विभाजन गरी हेर्ने

गर्दछ (थपलिया, २०७५, पृ. ३३) । सांस्कृतिक अध्ययनमा पर्यावरणको अध्ययन भनेको समग्र पारिस्थितिक पद्धतिअन्तर्गत आउने जैविक प्रक्रियाहरूको समष्टिगत रूप साहित्यमा केकसरी प्रयोग भएको छ, वा हुन्छ भन्ने हो । विशुद्ध पर्यावरणको अध्ययन वातावरण विज्ञानले गर्ने गर्दछ भने त्यसको सांस्कृतिक वा निर्मिति अध्ययन सांस्कृतिक समालोचनाअन्तर्गत रहेको पर्यावरणीय अध्ययनले गर्दछ ।

पर्यावरण र मानिसबिच भौतिक र आत्मिक दुवै पक्षको जन्मसिद्ध सम्बन्ध रहे पनि वर्तमान समयमा मानिसले पर्यावरणलाई व्यक्तिगत उपभोग्य वस्तुका रूपमा प्रयोग गर्ने क्रियाकलाप बढाउँदै लगेको छ । यसले गर्दा प्राणी र पर्यावरणबिचको साझा प्राकृतिक सम्बन्ध मानिस मात्रका निम्ति एक पक्षीय बन्दै गएको छ । यसबाट प्राकृतिक स्रोत र साधनको अप्राकृतिक किसिमको दुरुपयोग बढेर पर्यावरण विनाश हुँदै गएको छ । साहित्य लेखनमा पनि यस विषयले असर पारेको छ । पछिल्लो समयमा पर्यावरण संरक्षणका लागि मानिसले दायित्वबोध गरी साहित्यमा प्रकट गरेका यस्ता विषय र चिन्तनको विश्लेषण गर्ने अन्तरविषयक समालोचनालाई नै पर्यावरणीय समालोचना भनिएको हो (थपलिया, २०७५, पृ.४१) । पर्यावरणीय समालोचनाका माध्यमबाट मानिसले मान्छेकै कारण ह्रासोन्मुख हुँदै गएको पर्यावरण र साहित्यिक समालोचना जोडेर स्वस्थ पृथ्वीका लागि एकीकृत काम गर्दछन् । यसमा भौतिक वा शरीर पक्ष र अमूर्त वा आत्मिक पक्षको सङ्गम पनि देखिन्छ (एटम, २०६८, पृ.३१५) । अर्थात् मानवले बिगारेको पर्यावरण मानवद्वारा नै पुनर्सिर्जित गराउनु पर्दछ भन्ने मान्यता पर्यावरणीय समालोचनाले राख्दछ ।

पर्यावरणीय समालोचना अन्तर्विषयक अध्ययन पद्धति हो । साहित्य र संस्कृति फरक विषय भएकाले साहित्यमा पर्यावरणको उपस्थिति र त्यसको महत्त्व केकस्तो रहेको छ भन्ने अध्ययन यसमा गरिन्छ । समालोचना साहित्यको विज्ञान र दर्शन दुवै हो । साहित्यमा प्रयुक्त सांस्कृतिक विषय र प्रसङ्गलाई मूल आधार बनाएर मानवशास्त्रीय तथा समाजशास्त्रीय कोणबाट अन्तर्वस्तुको अध्ययन गर्ने पद्धति सांस्कृतिक अध्ययन हो । साहित्य र संस्कृति फरक विषय भएकाले साहित्यमा सांस्कृतिक मूल्यको निरूपण गरी सामाजिक जीवनको अध्ययन गरिनु र त्यसै पाठमा केन्द्रित रहेर साहित्यिक शिल्प पहिल्याउनु विषयान्तर भएकाले यसलाई अन्तर्विषयक अध्ययन भनिएको हो (त्रिपाठी, २०७०, पृ. ९५) । यसरी पर्यावरण विज्ञान विषयअन्तर्गत अध्ययन गरिने पक्ष भएको तर त्यसैसँग सम्बन्धित रहेर अन्य पक्षलाई पनि जोडेर अध्ययन गर्न सकिने हुनाले नै यसलाई अन्तर्विषयक समालोचना भनिएको हो ।

## पर्यावरण र संस्कृतिको सम्बन्ध

पर्यावरण भनेको प्राकृतिक अथवा प्रकृतिद्वारा निर्मित संरचना हो । संस्कृति भनेको मानव सिर्जित अथवा मानवीय व्यवहार र आचरणसँग सम्बन्धित पक्ष हो । पर्यावरण र संस्कृतिका बिचमा अभिन्न सम्बन्ध छ । पर्यावरणभित्र मानिस र उसका क्रियाकलाप पनि पर्दछन् । मानवीय व्यवहार र आचरण प्रायः प्रकृतिबाट नै निर्देशित र प्रभावित छन् । मानिसको खानपान, जीवनकला, जाति, लैङ्गिक व्यवहार आदि प्रकृतिद्वारा निर्देशित छन् । मानिस प्रकृतिमा प्राप्त हुने वस्तुको उपभोग गरेर जीवन बिताउँछ । मानिसलाई प्रकृतिप्रदत्त जमिन, जल, जङ्गल र वायुको उपयोग अत्यावश्यक छ । उसको संस्कृति निर्माणमा

यी चार प्राकृतिक पक्षहरू अभिन्न रूपमा जोडिन आउँछन् । मानिसको संस्कृति निर्माणमा सम्पूर्ण रूपले पर्यावरण जिम्मेवार छ (गेरार्ड, सन् २००७, पृ.९) । प्रकृतिमा रहेको वायु प्राणीको जीवनाधार हो । जमिन र जङ्गलबाट प्राप्त वस्तुहरूको उपभोग मानिसलगायत सम्पूर्ण प्राणीको लागि आवश्यक छ । मानिस पूर्णरूपमै प्रकृतिमा निर्भर छ। त्यसैले उसका समग्र व्यवहार प्रकृतिबाटै निर्देशित छन् ।

मानिसका जन्मदेखि मृत्युसम्मका सम्पूर्ण संस्कारहरू प्रकृतिसँग नजिक छन् । मानिस बस्ने घर, झ्याल, ढोका, टेबुल सबै प्रकृतिमै निर्भर छन् । यस्ता पक्षहरू मानिसका संस्कृति हुन् । संस्कृतिभित्र विभिन्न आविष्कार, निर्माणकला, साहित्य, धर्म, विचार, दैनिक व्यवहार, खानपान, रहनसहन आदि पर्छन् र तिनको सम्बन्ध पर्यावरणसँग रहन्छ (भट्टराई, २०६८, पृ. ६२) । पर्यावरणसँग संस्कृतिको सम्बन्ध रहेकाले यसको विनाश र विकाससँग सोझो सम्बन्ध रहेको छ । अर्थात् पर्यावरणको विनाश हुँदा संस्कृति पनि विनाश वा नष्ट हुँदै जान्छ र मानिसका व्यवहार र जीवनपद्धति पनि फेरिदै जान्छन् । यसले प्रकृतिमा निर्भर रहने संस्कारमा समेत परिवर्तन आउँछ त्यसैले पर्यावरणसँग संस्कृति अभिन्न रूपले जोडिएको छ। पर्यावरण र संस्कृतिबिचको यही अभेद्य सम्बन्धको खोजी पर्यावरणीय समालोचनाले गर्दछ (पोखेल, २०७२, पृ. १७) । मानिस र प्राणीहरू जमिनबाट टाढा भएर बाँच्न सक्दैनन् । सम्पूर्ण प्राणीहरूको जीवनको आधार जमिन र त्यहाँबाट उत्पन्न खाद्यवस्तु नै हुन् । पछिल्लो समयमा भएको प्रकृतिको अत्यधिक दोहन, रासायनिक मलको प्रयोग, औद्योगिक कलकारखाना र त्यहाँबाट उत्पन्न फोहोरमैला, वनजङ्गलको अत्यधिक फँडानी, विकास र निर्माणका नाममा जथाभावी खनिएका बाटाघाटा आदिका कारण हुने भूक्षय आदिजस्ता कारणले जमिन नष्ट हुँदै गइरहेको छ । यसबाट मानिसको जमिनसँगको अन्तर्सम्बन्ध र जमिनमाथिको निर्भरतामा परिवर्तन आएको छ । माटोसँग जोडिएर निर्माण भएको मानिसको संस्कृतिमा यसले गम्भीर समस्या उत्पन्न गराएको छ । मानिसले प्रयोग गर्ने भाँडाकुँडा, उपभोग गर्ने वस्तु, हातहतियार आदि भौतिक संस्कृति हुन् । ती संस्कृति प्रकृति वा पर्यावरणमा निर्भर रहेका छन् । प्रकृतिको विनाशसँगै यस किसिमका संस्कृतिहरू लोप भई मानिसको पहिचान नै समाप्त हुने अवस्था आएको छ । त्यस्तै मानिस बिरामी हुँदा विभिन्न किसिमका औषधिजन्य वस्तु पर्यावरणबाटै प्राप्त हुने गर्दछ तर पर्यावरणको विनाश हुँदै जाने हो भने मानिसहरू औषधोपचार नपाएर अकालमा नै मृत्युवरण गर्नु पर्ने अवस्थामा पुग्न सक्छन् । यसरी हेर्दा पर्यावरण र मानिसका दैनिक जीवनयापनसँग सम्बन्धित औषधोपचार, विकास, निर्माणजस्ता संस्कृतिका बिचमा अन्तरसम्बन्ध रहेको छ ।

पर्यावरणीय समालोचनाले साहित्यिक कृतिमा प्रयुक्त प्रकृति र संस्कृतिको अन्तर्सम्बन्धको खोजी गर्छ । कृतिभित्र के कस्ता मानवीय तथा सांस्कृतिक पक्षहरू समेटिएका छन्, के कस्ता कला संस्कृति एवम् मूल्य र मान्यताहरू विद्यमान छन्, प्रकृति र संस्कृतिको के कस्तो सम्बन्ध छ आदिजस्ता कुराको खोजीसमेत यसमा हुने गर्दछ । साथसाथै यसले मानिसका आदिम प्राकृतिक सभ्यताको प्रतीकका रूपमा रहेका यस्ता संस्कृतिहरूको साहित्यिक कृतिमा महत्त्वका साथ अङ्कन गर्दै पर्यावरण बचाउतर्फ चासो प्रकट गर्न आग्रह गर्दछ (पोखेल, २०७२, पृ. १९) । यसरी विनाशतिर उन्मुख बन्दै गएको पर्यावरण र पर्यावरणबाट

दिग्दर्शित संस्कृतिबिचको अन्तर्सम्बन्धलाई पर्यावरणीय समालोचनाले प्रस्तुत गर्दछ ।

**मुनामदन खण्डकाव्यमा प्रकृति र मानिसका बिचको सम्बन्ध**

मुनामदन खण्डकाव्य परिवारको आवश्यकता पूरा गर्न आर्थिक अभाव भएका कारण विदेशिन बाध्य मदन र उसको परिवारसँग सम्बन्धित विषयवस्तुमा आधारित भएर रचना भएको काव्य हो । यसमा तत्कालीन समयमा काठमाडौँ वा नेपालबाट पुरुषहरू ल्हासा गई केही काम गरेर सुन लिएर आउने अनि उक्त सुनले आफ्नो परिवारका आवश्यकता पूरा गर्ने चलनलाई देवकोटाले मुख्य विषय बनाएका छन् । यस काव्यमा मुख्य पात्र मदन बुढी आमालाई दुध खुवाउन, आमाको पाटी र धारा बनाउने इच्छा पूरा गर्न, पत्नी मुनालाई चुरा बनाइदिन तथा पुरानो घरलाई मर्मत सम्भार गर्नका लागि आर्थिक जोहो गर्न ल्हासा जान मुनासँग बिदा मागेदेखि ऊ फर्केर काठमाडौँ आउँदासम्मका घटनामा प्रकृतिका विभिन्न पक्षको चित्रण गरिएको छ । त्यसमा मदन आफ्नी पत्नी मुनासँग बिदा माग्दा मुनाले आफू पनि सँगै जाने इच्छा व्यक्त गर्दा प्रस्तुत काव्यमा पर्यावरणको प्रयोग यसरी गरिएको छ :

हे मेरा राम ! हे मेरा कृष्ण ! जङ्गल, पहाड,
भीरका भोटे, वनका जन्तु, गाईको आहार !
रातमा सुर्जे, बिदामा हाँसो कसरी मिलाउँ
जाने नै भए नछाडी जानोस् साथमा सुहाऊँ ! (देवकोटा, २०४७, पृ. २) ।

प्रस्तुत साक्ष्यमा मुनाले मदनलाई ल्हासा जाने बाटोमा डरलाग्दा जङ्गल, पहाड, भिर पर्दछन् भनेकी छन् । उनले उक्त जङ्गलमा जङ्गली जनावरले आक्रमण गर्न सक्छन् भन्ने कुरा बताउँदै आफूले बिदा दिन नसक्ने बताएकी छन् । उनले जसरी रातमा सूर्य देखिदैन त्यसरी नै बिदाईमा म कसरी हाँस्न सक्छु र ! भन्दै बरु आफूलाई पनि लिएर जानुहोस् भन्ने अनुरोध गरेकी छन् । यसरी प्रस्तुत साक्ष्यमा पर्यावरणका महत्त्वपूर्ण पक्ष जङ्गल, पहाड, भिर, जङ्गली जनावर, गाई, सूर्यको चित्रण गरी पारिस्थितिक पर्यावरणलाई देखाइएको छ अर्थात् जङ्गली जनावरले आफ्नो आहार अन्य प्राणीलाई बनाउने कुराबाट उक्त कुरा स्पष्ट भएको छ ।

मदन जसरी पनि एक्लै ल्हासा जाने भएपछि उनी उतैका केटीसँग बस्ने हुन् कि भन्ने शङ्का व्यक्त गर्दा पर्यावरण र मानिसका बिचको सम्बन्ध यसरी व्यक्त भएको छ :

ल्हासाकी ठिटी, आँखाकी छिटी सुनमा कुँदेकी
बुल्बुले बोली, गालाको बीच गुलाफ फुलेकी ।
ती सबै खेलून् ती सबै नाचुन् डाँडा र चहुरमा
मलाई बिर्से यो आँसु पिर्ला भन्नेछु यो डरमा (देवकोटा, २०४७, पृ. ३) ।

प्रस्तुत साक्ष्यमा ल्हासाको प्राकृतिक पर्यावरण र त्यस पर्यावरणले मानिसमा पार्ने प्रभावको चित्रण गरिएको छ । ल्हासाको डाँडाकाँडा तथा चहुरमा हुर्केबढेकी केटी देख्दैमा सुन्दर हुने भन्दै पहाडी प्राकृतिक पर्यावरणका कारण त्यहाँका केटीहरूका गाला गुलाफी रङका हुनुका साथै हरियाली वातावरणका कारण

आँखा पनि तस्दुरुस्त भएको उल्लेख गरिएको छ । त्यस्तै उक्त स्थानमा सुन प्रशस्त पाइने हुनाले गर्गहनाले सजिएकी ठिटीसँग लट्ठिएर मदन उतै भुल्ने हुन् कि भन्ने डर मनमा रहेको कुरा मुनाले व्यक्त गरेकी छन् । यसरी प्राकृतिक पर्यावरणले मानिसको रूपरङ, बोलीव्यवहार तथा क्रियाकलापमा प्रभाव पार्ने यथार्यसमेत प्रस्तुत साक्ष्यबाट प्रस्ट भएको छ ।

मुनाले मदनबिना आफ्नो अवस्था पिँजरामा थुनिएको पक्षीजस्तै भएको प्रसङ्ग खण्डकाव्यमा यसरी चित्रण गरेकी छन् :

पिँजराभित्र जलेकी चरी नबोली रुनेछ
ठुँगेर डण्डी बत्तिई भने कहाँ पो हुनेछ !
क्षण क्षण प्यारा हुनेछन् मेरो जलेका जीवन !
खरानीबाट छिन्छिन् बिउँती रुनेछ सम्झना !
छहारी दिने रसिलो बादल झुकेको बिलाए
शीतको दाना सुकेको फूल
खङ्ग्रङ्ग भई सुकेर मूल
वैलेर झर्ली नबोली, बोली को सुन्ला उहाँ ए !
प्यारा को सुन्ला यहाँ ए ! (देवकोटा, २०४७, पृ.३-४)

प्रस्तुत साक्ष्यमा मुनाले मदनबिना आफू पिँजरामा थुनिएको चराजस्तै हुने बताएकी छन् । उनले पिँजरामा थुनिएको चरा जति प्रयास गरे पनि बाहिर जान नसक्ने हुनाले नबोली बस्छ भन्दै आफू पनि त्यस्तै हुने बताएकी छन् । उनले आफू एक्लै आगोले जलेर खरानी भए समान हुने उल्लेख गरेकी छन् । उनले छहारी दिने बादल पनि एक्लै हुँदा हराउने उल्लेख गर्दै सुकेको फूललाई शीतको थोपाको कुनै काम नभएको चित्रण गरेकी छन् । जब कुनै फूल वा वृक्षको मूल वा बोट सुक्छ तब जतिसुकै पानी लगाए पनि त्यसमा लागिसकेका फूल ओइलिएर झर्छन् भन्दै आफ्नो मूल मदन भएको उल्लेख गर्दै मदनबिना आफू फूल सुकेर झरेजस्तै अवस्थाकी हुने कुरा चित्रण गरिएको छ । यसरी प्रस्तुत साक्ष्यमा मानिस र प्रकृतिको सहसम्बन्ध रहेको देखिन्छ ।

मदन भोट जाँदा बाटोमा देखिएको प्रकृतिको वर्णन कवि देवकोटाले सुन्दर तरिकाले गरेका छन् । उनले मदनका माध्यमबाट प्रकृतिको वर्णन यसरी गरेका छन् :

डाँडा र काँडा उकाला ठाडा जङ्घार हजार,
भोटको बाटो ढुङ्गा र माटो नङ्गा र उजार
कुइरो डम्म, हिउँले टम्म त्यो विष फुलेको
सिम्सिमे पानी बतास चीसो बरफ झैँ डुलेको (देवकोटा, २०४७ पृ.६) ।

प्रस्तुत साक्ष्यमा भोटको प्राकृतिक वातावरणको चित्रण गरिएको छ । भोट पुग्ने बाटोमा विभिन्न डाँडाकाँडा, हजारौँ खोलानाला, सुनसान वातावरण, कुहिरोले वातावरण डम्म ढाकेको, हिउँले भरिएका

सेताम्मे हिमाल रहेका छन् । त्यस किसिमको वातावरणमा मानिस हिँड्दा सिम्सिमे पानी पर्ने तथा हिमालमा ठोकिएर आएको बरफ जस्तै चिसो हावाले मानिसलाई कठ्याङ्ग्रिने अवस्थामा पुऱ्याएको चित्रण गरिएको छ । भोट अर्थात् हिमाली वातावरण चिसो हुने हुँदा त्यहाँ जाँदा त्यस्तै किसिमको बन्दोबस्तमा जानुपने सन्देश पनि यस साक्ष्यले दिएको छ । त्यस्तै प्रस्तुत काव्यमा भोट अर्थात् ह्लासाको चित्रण यसरी गरिएको छ :

शीतल पानी, हरिया पात हिउँका टाकुरा
शिरीष फूल फुलेको सेतो, रुखका आँकुरा ।
कीचको खोला, लिङ्कोरको दृश्य, अम्बानको महल
यूतोक स्याम्पा, त्यो पूल राम्रो त्यो ह्लासा झलमल (देवकोटा, २०४७, पृ.६)

प्रस्तुत साक्ष्यमा ह्लासाको सुन्दर चित्रण गरिएको छ । ह्लासामा चिसो पानी, शीतल वातावरण, हिउँका टाकुरा रहेको तथा त्यहाँ शिरीष फूलले वातावरण सेताम्मे भएको छ । लिङ्कोरको दृश्य तथा किच खोला सुन्दर रहेको, अम्बानको महल भव्य भएको तथ्य प्रस्तुत गरिएको छ । नेपाल र चीन जोड्ने पुलले ह्लासाको वातावरण नै मनोरम भएको चित्रण गरिएको छ । प्राकृतिक सुन्दरताले मानिसलाई मोहित बनाउन सक्ने यथार्थ यहाँ प्रस्तुत भएको छ ।

मुनामदन खण्डकाव्यमा पर्यावरण र मानिसको सहसम्बन्धलाई सुमधुर रूपमा प्रस्तुत गरिएको छ, जुनकुरा यस साक्ष्यबाट पनि पुष्टि हुन्छ :

विचित्र जन्तु सैरने वन गोधूली छायामा
कालीको वाहन फुकेर चर्ने मिर्गका कायामा
कल्पनाभन्दा रङ्गिला पन्छी गजब वनको बोल
शहरका सङ्गीत कविताभन्दा बनेली अनमोल
जीवनको मीठो आनन्द चर्को हरियो हावामा (देवकोटा, २०४७, पृ.८-९) ।

ह्लासामा प्रकृति र मानिसको सम्बन्ध अनुपम रहको छ । विभिन्न जीवजन्तु गोधुली साँझमा चरिरहेका छन् । बाघ र मृग एकै जङ्गलमा घुमिरहेका छन् । मानिसले कल्पना गरेभन्दा रमाइला, भिन्नभिन्न प्रजातिका पक्षीहरूले प्रकृतिलाई सुमधुर सङ्गीतमय बनाएका छन् । ती सङ्गीत सहरका आधुनिक सङ्गीत र कविताका स्वरभन्दा अनमोल रहेका छन् । ती वनका प्राकृतिक स्वरले मानिसलाई मोहित तुल्याएको छ, जसको कुनै कल्पना गर्न पनि सकिँदैन । यही हरिया वनजङ्गलको स्वच्छ हावा, सुमधुर सङ्गीत, जीवजन्तुको क्रीडा नै मानवीय जीवनको मिठो आनन्द हो भन्ने भाव व्यक्त भएको छ ।

मुनामदन खण्डकाव्यमा हिमाली सभ्यतासँग मानिसको सम्बन्ध पनि चित्रण गरिएको छ । नेपालको उत्तरी भेगमा हिमालै हिमाल रहेका, हिन्दु धर्मावलम्बीका आराध्यदेव शिव-पार्वतीको वासस्थान पनि हिमाल नै भएको आदि जस्ता विभिन्न कोणबाट हिमाललाई भूलोकको गजुर भनिएको छ । हिमालमा वा हिमाली

जनजीवनमा एउटा छुट्टै रोमाञ्चकारी स्वरूप रहेको कुरा व्यक्त गरिएको छ, जसलाई खण्डकाव्यमा यसरी प्रस्तुत गरिएको छ :

प्रकृति मन्दिर, सुनौला गजुर धप्के झैँ हजारौँ !
विशालताको रोमाञ्चकारी हिमाली स्वरूप,
विभिन्न पाटे भएर झल्को दर्शाउँथ्यो अनूप ।
करुणाजस्तो कोमल निर्मल हिउँको काया छ
भूभरको उँचा भएर होला भूमा पग्लिने माया छ ।
रहस्य यौटा अवस्य राख्थ्यो स्वर्गिक चुली खास
उमा र शिव गर्दथे भूको टुपीमा उँचा वास
सकल युगको इतिहास जानी निश्चल तपस्वी
सागर भेटी बादल फ्याँक्थे
आसिकजस्ता वर्षालु स्वरमा नेपालमा यशस्वी (देवकोटा, २०४७, पृ. १०) ।

प्रस्तुत साक्ष्यमा प्रकृतिलाई मन्दिर मानी हिमाललाई उक्त मन्दिरको गजुरका रूपमा चित्रण गरिएको छ । त्यस्तो प्राकृतिक आनन्ददायी हिमाली जनजीवन करुणाले भरिएको छ । हिमाल जमिनको सबै भन्दा उच्च भाग भएर पनि त्यसले जमिनका यावत् पक्षलाई माया गर्छ । त्यस किसिमको हिमालको शिरमा भगवान् उमामहेश्वरको वास रहेको छ त्यसैले पनि यो क्षेत्र सम्पूर्ण मानव जातिको इतिहास हो । त्यस्तै हिमाली क्षेत्र एउटा इतिहास मात्र नभएर तपोभूमि पनि हो भन्ने भाव उल्लिखित कवितांशमा व्यक्त भएको छ । उक्त क्षेत्रमा विशेषतः धुपी, सल्लाजस्ता वनस्पति पाइने चर्चा प्रस्तुत कृतिमा गरिएको छ, जस्तै :

धुपीका घारी सल्लाका घारी पर्वत चढेका,
हिमालका ज्यादा नजिकका शिशु ती हेर्थे बढेका ।
पृथिवी अब पातलो उँचाइ लिएर नङ्गिन्छिन्
छ मास हिउँको सिरक ओढी छ मास फुङ्गिन्छिन् (देवकोटा, २०४७, पृ.११) ।

प्रस्तुत साक्ष्यमा हिमाली भेगका मानिसहरूको प्रकृतिसँग घनिष्ट सम्बन्ध रहेको हुन्छ भन्ने भाव व्यक्त भएको छ । उक्त क्षेत्रका शिशुहरू त्यहाँ पाइने धुपी र सल्ला बढेको हेर्दै आआफ्नो बाल्यावस्था व्यतीत गर्थे अर्थात् ती वनस्पतिसँगै आफ्नो बाल्यकाल बिताउँथे भन्न खोजिएको छ । मौसम परिवर्तनसँगै त्यहाँको प्रकृतिको स्वरूप पनि परिवर्तन हुने कुरा छ महिना हिउँले ढाक्ने र छ महिना नाङ्गा पहाड हुने प्रसङ्गबाट स्पष्ट भएको छ ।

मानिस बिरामी भएको बेला उसलाई बचाउने औषधोपचार पनि प्रकृतिबाटै सम्भव छ । प्रकृति अर्थात् पर्यावरणले मानिसलाई जीवनदान दिने गर्छ भन्ने प्रसङ्ग खण्डकाव्यमा यसरी व्यक्त भएको छ :

बोकेर लग्यो भोटले घर ऊनमा बिसायो
पानीको घुट्का पिलाइदियो दयाले रसायो ।

खोजेर ल्यायो वनको बूटी घोटेर पिलायो,
चौँरीको दूध पिलाईकन बलियो बनायो ।
हिमालको बूटी विचित्र थियो जादूको दियो काम,
त्यो भोटे दैव नभए कठै ! जान्थे ती परमधाम (देवकोटा, २०४७, पृ.२१) ।

प्रस्तुत साक्ष्यमा मदन ल्हासाबाट फर्किंदा जङ्गलको बाटोमा बिरामी भएपछि साथीहरूले एक्लै छोडेर जाँदा बिचल्ली भएको अवस्थामा भोटेले भेटेर मदनलाई आफ्नो घरमा लिएर गई उपचार गराएको चित्रण गरिएको छ । भोटेले मदनलाई आफ्नो घरमा लिएर गई भेडा तथा चौरीको ऊनबाट बनेको बिस्तरामा आराम गर्न लगायो । उसले वनमा गएर औषधी खोजेर ल्याई मदनलाई खुवाएर रोग निको पार्‍यो । हैजाजस्तो प्राणघातक रोगले थलिएको मदन वनको औषधीले निको भए पनि कमजोर भएको थियो । मदनको कमजोर शरीरलाई भोटेले पौष्टिकताले भरिपूर्ण चौँरीको दुध पिलाएर तन्दुरुस्त बनायो । यसरी हेर्दा प्रकृति अर्थात् पर्यावरणसँग जोडिएको वनजङ्गलमा पाइने जडीबुटी तथा हिमाली पशुबाट प्राप्त दुधले मानवलाई मृत्युको मुखबाटसमेत बचाउन सक्ने जादुमयी क्षमता राखेको स्पष्ट हुन्छ ।

मुनामदन खण्डकाव्यमा प्रकृतिमा रहेका पक्षीहरू पनि मानिसको दैनिक जीवनयापनसँग जोडिएका हुन्छन् भन्ने कुरा चित्रण गरिएको छ । हाम्रो लोक संस्कृतिमा कागलाई सन्देशवाहक पक्षीका रूपमा मानिन्छ । यस काव्यमा पनि उक्त पक्षीले त्यही काम गरेको कुरा यसरी व्यक्त भएको छ :

हाँगाको काग ओर्ह्लेर आयो नजीकै करायो
नजर छड्के त्यो घाँटी कर्के गरेर करायो ।
नजर फिर्‍यो पसीना पुछी बोले ती बटुवा
सुबोल् सुबोल् हे ! ठाउँ सरी बस्न आकाश डुलुवा (देवकोटा, २०४७, पृ. ३४) ।

हाम्रो समाजमा काग कराएको विभिन्न अर्थ लगाइन्छ । काग कहाँ बसेर कराएको छ, त्यसका आधारमा विभिन्न अर्थ रहेका हुन्छन् । काग हरियो हाँगामा बसेर आवाज परिवर्तन गरी गरी करायो भने रुखको हाँगा भाँची गणित गरेरसमेत विभिन्न अर्थ लगाइन्छ । यहाँ पनि काग त्यसरी नै कराएको हुँदा बाटो हिँड्ने बटुवा अर्थात् मदनले उक्त कागले नराम्रो सन्देश ल्यायो भनी आकाश डुल्ने कागलाई राम्रो राम्रो बोल भन्दै अर्को ठाउँमा बस्न आग्रह गरेका छन् । यसरी काग प्राणी मानवजीवनसँग सम्बन्धित रहेको स्पष्ट हुन्छ । त्यस्तै उक्त कागलाई मदनले आफ्नो घर कान्तिपुर पुगी बुढी आमा र प्यारी पत्नीलाई आफू आउँदै गरेको सन्देश पुर्‍याउन आग्रह गरेका छन्, जुन कुरा खण्डकाव्यमा यसरी चित्रण गरिएको छ :

माई छन् मेरी कपाल सेती, मुना छन् उज्याली
मलाई सन्चो छ भनी आइज पखेटा उचाली
नमान्नू धन्दा, नमान्नू फिक्री भनेर सुनाई
गुँडमा फर्केस् बारीको यौटा हलुवाबेद खाई
उडेर गयो त्यो काग टाढा बुझे झैँ गरेर

कागले बुझ्यो उडेर गयो पुग्नेछ सबेर (देवकोटा, २०४७, ३४) ।

प्रस्तुत साक्ष्यमा प्रकृतिमा रहेका पक्षीहरूले पनि मानिसको भाषा बुझ्छन् भन्ने यथार्थ कागका माध्यमबाट व्यक्त गरिएको छ । मदनले कागलाई आफ्नो घरमा गएर आफ्नी आमा र श्रीमतीलाई आफू सन्चै रहेको हुँदा कुनै पिर चिन्ता नलिनु भन्ने सन्देश लिएर जान आग्रह गरेका छन् । कागले पनि उनको भाषा बुझे जस्तै त्यहाँबाट उडेर उनले भनेकै दिशामा गएको छ । अरूलाई सित्तैमा काममा लगाउनुहुँदैन भन्ने उद्देश्यका साथ मदनले कागलाई सन्देश पुऱ्याएपछि घरको बारीमा भएको हलुवाबेद खाई आफ्नो गुँडमा फर्किन अनुरोध गरेका छन् । यसरी मान्छे र पक्षीको सौहार्दपूर्ण व्यवहार प्रस्तुत काव्यमा प्रस्तुत गरिएको छ ।

मानिस प्रकृतिको पञ्चतत्त्वबाट बनेको र अन्तिममा पञ्चतत्त्वमा नै समाहित हुने गर्दछ । यसबाट पनि मानिस र प्रकृतिका बिचमा सहसम्बन्ध रहेको देखिन्छ । प्रस्तुत काव्यमा उक्त कुरा यसरी चित्रण गरिएको छ :

चार नै दिनको यो पापी चोला यो मैलो गुमानी
आखिर छर्छ हावाले फेरि एक मुठी खरानी !
बाबु एक मुठी खरानी !
मासुको फूल वैलेर जान्छ मट्टीमा मिल्दछ,
अरू नै फूल पृथिवीपारि स्वर्गमा फुल्दछ,
सधैँको लागि स्वर्गमा फुल्दछ ! (देवकोटा, २०४७, पृ.३९-४०)

मानिस अर्थात् प्राणी पर्यावरणसँग सम्बन्धित जल, वायु, अग्नि, पृथ्वी आदि पञ्चतत्त्वबाट निर्माण हुन्छ र अन्तिममा पनि त्यही पञ्चतत्त्वमा हराउने वास्तविकता यहाँ चित्रण गरिएको छ । मानव शरीर पृथ्वीमा केही दिनको लागि मात्र भएको बताउँदै मासुको फूलका रूपमा रहेको प्राणी खरानीमा मिलेर पृथ्वीभन्दा टाढा रहेको स्वर्गलोकमा पुग्दछ भन्दै मानवलाई पर्यावरणसँग सम्बन्धित रहेको चित्रण गरिएको छ ।

## निष्कर्ष

मुनामदन खण्डकाव्यमा मानिसको पर्यावरणसँग अन्योन्याश्रित सम्बन्ध रहेको देखाइएको छ । मानिसको शरीर नै पर्यावरण अर्थात् प्रकृतिको पञ्चतत्त्वबाट निर्माण भएको र त्यही पञ्चतत्त्वमा नै विलीन हुने गर्दछ । त्यही बिचको समयमा पनि ऊ पर्यावरणबाट अलग रहन सक्दैन । जन्मदेखि मृत्युसम्म मानिसलाई प्रकृतिमा नै निर्भर हुनुपर्छ भन्ने यथार्थ प्रस्तुत कृतिमा व्यक्त भएको छ । प्रस्तुत कृतिमा सबै भन्दा बढी वनजङ्गल, हिमाल, पहाड, जङ्गली जनावर, कागलगायतका पक्षीको प्रयोग भएको छ । त्यस्तै भोटको प्राकृतिक वातावरणको सुन्दर तथा मनोरम चित्रण गरिएको छ । प्रकृतिले नै मानिसलाई हृष्टपुष्ट बनाउनेदेखि मृत्युको मुखबाट बचाउन सक्ने जडीबुटी प्रदान गर्ने यथार्थ प्रस्तुत कृतिमा व्यक्त भएको छ ।

त्यस्तै पक्षीहरूले पनि मानिसको मर्म बुझ्छन् भन्ने यथार्थ कागले मदनको भाषा बुझेर खबर पुऱ्याउन गएको कुरा चित्रण गरिएको छ । यसरी प्रस्तुत कृतिमा मानिसको पर्यावरणसँग घनिष्ट सम्बन्ध रहेको कुरा स्पष्ट भएको छ ।

**सन्दर्भसामग्रीसूची**


एटम, नेत्र (२०६८). 'पर्यावरणीय समालोचना'. (सम्पा.) राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, रत्नबृहत् नेपाली समालोचना, सैद्धान्तिक खण्ड. पृ. २५९-२७३ ।

गेराड, ग्रेग (सन् २००७). इकोक्रिटिसिज्म. न्युयोर्क : रटलेज टेलर र फ्रान्सिस समूह ।

त्रिपाठी, गीता (२०७०). 'सांस्कृतिक अध्ययन र पर्यावरणको अन्तरसम्बन्ध'. (सम्पा.) लिखत पाण्डे, भृकुटी समालोचनात्मक एवम् अनुसन्धानात्मक साहित्यिक-सांस्कृतिक सङ्ग्रह, (भाग १९, असार). पृ.९३-१०२ ।

थपलिया, गीता (२०७५). 'आधुनिक नेपाली कवितामा पर्यावरणीय चेतना'. अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग ।

देवकोटा, लक्ष्मीप्रसाद (२०४७) मुनामदन (बिसौँ संस्क.). काठमाडौँ : साझा प्रकाशन ।

पोखेल, गोकुल. (२०७२). 'नदी किनाराका माझी काव्यसङ्ग्रहमा पर्यावरण'. अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग ।

भट्टराई, रमेश (२०६८). 'पर्यावरणीय सङ्कट र सांस्कृतिक नीति'. अभिज्ञान. १/२ (कार्तिक-पुस). पृ. ६२-६८ ।

सुवेदी, राजेन्द्र (२०७३). सांस्कृतिक अध्ययन र नेपाली साहित्य, काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।